# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# **२०७९**

**माण्डवी गाँउपालिका**

जस्पूर,**प्यूठान**




महालेखापरीक्षकको कार्यालय

काठमाडौँ, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हु'ने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको 207७/7८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद ब्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलत: आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्छ्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, अनामनगर, काठमाण्डौं, नेपाल
Babarmahal, Anamnagar, Kathmandu, Nepal
प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(लुम्बिनी प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं.१२०

मितिः २०७९।३।२३

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुख/अध्यक्षज्यू,
माण्डवी गाँउपालिका, गाँउ कार्यपालिकाको कार्यालय, प्यूठान

**कैफियत सहितको राय**

हामीले माण्डवी गाँउपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. माण्डवी गाँउपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू २२ लाख ४७ हजार बेरुजू देखिएको छ। सोमध्ये मिति २०७८।७।१२ मा प्राप्त प्रतिक्रियाबाट रू ४ लाख ७८ हजार फस्यौंट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू ३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू १५ लाख ७४ हजार, नियमित गर्नुपर्ने रू १ लाख ९२ हजार रहेको छ ।पालिकाको गतवर्ष १ करोड ५७ लाख ९७ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फर्छ्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू २९ लाख ५४ हजार रहेको छ । माण्डवी गाँउपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. माण्डवी गाँउपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर/गाउँ कार्यपालिका, नगरप्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(नारायण मरासिनी)
नायब महालेखापरीक्षक

# माण्डवी गाँउपालिका

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

**२०७७।७८**

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फर्छ्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५१ | १८ | २२४६ | ० | १० | ४७८ | ८ | १७६८ | १७६८ | ३ | १९१ | १५७४ | ० | ० | १७६८ | ० |

## अद्यावधिक बेरुजू स्थिति

**२०७७।७८**

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फर्छ्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| प्यूठान | १५७९७ | ० | १४६११ | ११८६ | ० | १७६८ | २९५५ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : माण्डवी गाउँपालिका, प्युठान , मनदेवी गाउँपालिका , प्यूठान

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | शिसिर रिजाल | २०७७-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | कमला वली | २०७८-९-५ | |
| | | **बेरुजु रकम** | १,७६८,५३७ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ३,४५,८४,०१६.९८ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २६,२८,९१,०१० | चालु खर्च | २१,८४,६१,३२०.५९ |
| प्रदेश सरकारबाट अनुदान | ४,७८,९८,००० | पूँजीगत खर्च | १२,९३,३५,९९१ |
| राजश्व बाँडफाँट | ६,०९,६९,८३४.५७ | वित्तीय/अन्य व्यवस्था | ९,३५,१५,८३६.४ |
| आन्तरिक आय | ६९,१९,९९३.०६ | | |
| अन्य आय | ५,६०,७६,३६१.८२ | | |
| कुल आय | ४३,४७,५५,१९९.४५ | कुल खर्च | ४४,१३,१३,१४७.९९ |
| बाँकी मौज्दात | | २,८०,२६,०६८.४४ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय** (see below) | |

**परिचय**

·**संवैधानिक र कानूनी व्यवस्था:** नेपालको संविधानको धारा २१४ बमोजिम स्थानीय तहको कार्यकारिणी अधिकार संविधान र संघीय कानूनको अधिनमा रही गाउँपालिकामा निहित हुने र धारा २२१ मा व्यवस्थापकीय अधिकार गाउँ सभामा रहने व्यवस्था छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा पालिकाको हुने उल्लेख छ ।सोही अधिकार बमोजिम कार्यपालिकाले कार्य गर्दै आएको छ ।

**आर्थिक कारोवारको स्थिती:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम कार्यपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सरकारले पेश गरेका प्राप्ती र भुक्तानी हिसावको आर्थिक वर्ष २०७7/ ०७8 को समग्र आर्थिक कारोवारको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ ।
माण्डवी गाउँपालिका गाउँपालिकाको कार्यालय, जस्पुर, प्यूठान

आर्थिक वर्ष २०७7।०७8को एकिकृत आर्थिक विवरण

| क्र सं | आय तर्फ | | | क्र सं | व्यय तर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| 1 | गत वर्षको जिम्मेवारी | | 34584016.98 | 1 | चालू खर्च | | 218461320.6 |
| | (क) सञ्चित कोष खाता | 28604582 | | | (क) गा. पा. चालू | 61297012.19 | |
| | (ख) प्रकोप व्यवस्थापन कोष | 1145743 | | | (ख) संघीय सरकारबाट हस्तान्तरित चालू | 137404113.4 | |
| | (ग) विभाज्य कोष | 1250000 | | | (ग) प्रदेश सरकारबाट | 8697633 | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | हस्तान्तरित चालू | | | | |
| | | | | | | 3583692 | | | (घ) कृषि शाखा चालू | 329489 | | | |
| | | | | | (घ) धरौटी | | | | (घ) कृषि/ पशु, महिला विकास चालू | 1636143 | | | |
| | | | | 2 | राजस्व (आन्तरिक आय) | | 69671978.95 | | (ङ) शिक्षा चालू | 6954778 | | | |
| | | | | | (क) आन्तरिक राजस्व | 6919993.06 | | | (च) स्वास्थ्य चालू | 2142152 | | | |
| | | | | | (ख) राजस्व बाँडफाँड | | | 2 | पूँजिगत खर्च | | 129335991 | | |
| | | | | | राजस्व बाँडफाँड नेपाल सरकार | 56562479.05 | | | (क) गा पा पूँजिगत | 79595396 | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | राजस्व बाँडफाँड प्रदेश सरकार | 4407355.52 | | | (ख) संघीय सरकारबाट हस्तान्तरित पूँजिगत | 31019401 | | | |
| | | | | | (ग) अन्य आय | 1782151.32 | | | (ग) प्रदेश सरकारबाट हस्तान्तरित पूँजिगत | 18121194 | | | |
| | | | | 3 | वित्तीय हस्तान्तरण | | 262891010 | | (घ) स्वास्थ्य पूँजिगत | 400000 | | | |
| | | | | | (क) वित्तीय समानीकरण अनुदान | 74600000 | | | (ङ) कृषि शाखा पूँजिगत | 200000 | | | |
| | | | | | (ख) सर्शत अनुदान | 166491010 | | 3 | आ.व. २०७७।७८ को अनुदान फिर्ता | | 21055658.6 | | |
| | | | | | (ग) समपूरक अनुदान | 11800000 | | | (क) संघको अनुदान फिर्ता | 19867495.6 | | | |
| | | | | | (घ) विशेष अनुदान | 10000000 | | | (ख) प्रदेशको | 1188163 | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | अनुदान फिर्ता | | | | |
| | | | | 4 | प्रदेश सरकारबाट प्राप्त अनुदान | | 47898000 | 4 | आ.व. २०७६।७७ को अनुदान फिर्ता | | 19203384 | | |
| | | | | | (क) वित्तीय समानीकरण अनुदान | 5048000 | | | (क) संघको अनुदान फिर्ता | 7431285 | | | |
| | | | | | (ख) सर्शत अनुदान | 21850000 | | | (ख) प्रदेशको अनुदान फिर्ता | 11772099 | | | |
| | | | | | (ग) समपूरक अनुदान | 15000000 | | 5 | धरौटी फिर्ता | 2354448 | 2354448 | | |
| | | | | | (घ) विशेष अनुदान | 6000000 | | 6 | कोक्ष खर्च | | 5182777.8 | | |
| | | | | 5 | अन्तर सरकारी | | 45719568 | | प्रकोप व्यवस्थापन | 5182777.8 | | | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | कोष | | | | |
| | | | | | एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | 9970568 | | | विभाज्य कोष खाता | 0 | | | |
| | | | | | सामाजिक सुरक्षा तथा संरक्षण | 33449000 | | | विविध कोष खाता | 0 | | | |
| | | | | | स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | 2300000 | | 7 | अन्तर सरकारी | | 45719568 | | |
| | | | | 6 | वित्तीय व्यवस्थापन तर्फको आय | | 6184967.5 | | (क) एकीकृत स्वस्थ्य पूर्वाधार विकास कार्यक्रम | 9970568 | | | |
| | | | | | प्रकोप | 4430000 | | | (ख) | 33449000 | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | व्यवस्थापन कोक्ष | | | | सामाजिक सुरक्षा तथा संरक्षण | | | | |
| | | | | | विविध कोष खाता | 244967.5 | | | (ग) स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | 2300000 | | | |
| | | | | | विभाज्य कोष खाता | 1510000 | | 8 | बैंक मौज्दात | | 21009216.74 | | |
| | | | | 7 | धरौटी खाता | 2389675 | 2389675 | | (क) चालू खर्च | 3926642.87 | | | |
| | | | | | | | | | (ख) पूँजिगत खर्च | 14858366.52 | | | |
| | | | | | | | | | (ग) सञ्चित कोष | 2076020.35 | | | |
| | | | | | | | | | (घ) आन्तरिक | 148187 | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | राजस्व खाता | | | | |
| | | | | | | | | 9 | वित्तीय व्यवस्थापन तर्फ बैंक मौज्दात | | 3397932.7 | | |
| | | | | | | | | | (क) विपद व्यवस्थापन कोष | 392965.2 | | | |
| | | | | | | | | | (ख) विविध कोष खाता | 244967.5 | | | |
| | | | | | | | | | (ग )विभाज्य कोष खाता | 2760000 | | | |
| | | | | | | | | 10 | धरौटी बैंक मौज्दात | 3618919 | 3618919 | | |
| | | | | जम्मा | | 469339216.4 | 469339216.4 | जम्मा | | 469339216.4 | 469339216.4 | | |

उपरोक्त आर्थिक कारोवारको महालेखापरीक्षकको बार्षिक लेखापरीक्षण योजना २०७८, समष्टिगत र ईकाइगत स्वीकृत लेखापरीक्षण योजना,आन्तरिक लेखापरीक्षण प्रतिवेदनको गणितीय शुद्धतालाई आधार लिई, एवं सार्वजनिक लेखापरीक्षण सम्बन्धी मार्गदर्शन तथा असल अभ्यास तथा कार्यालयबाट पेस भए सम्मको स्रेस्ताको आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । उक्त लेखापरीक्षणबाट देखिएको व्यहोरा उपर मिति २०७8/ 06/ १९ माव्यवस्थापन पक्षसंग भएको छलफल पश्चात कायम गरेको व्यहोरा संलग्न गरी देहाय अनुसारको प्रतिवेदन तयार गरिएको छ ।

**लेखापरीक्षणकको क्रममा रु. ७७४४८०/ ९४ असुल दाखिला भएको छ ।**



https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **परिचय**ःस्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस माण्डवी गाउँ पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु माण्डवी गाउँपालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत 5 वडा, 29 सभा सदस्य, 113.41वर्ग किलोमिटर क्षेत्रफल तथा 30हजार292 जनसंख्या रहेको छ । | |
| २ | | | **वित्तीय विवरणः**<br>**वित्तीय विवरणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । | |
| ३ | | | **आन्तरिक नियन्त्रण प्रणालीः**<br>**आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन । यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । • स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन । • स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 74(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म १९ ऐन, ५ नियमावली, ३१ कार्यविधि ५ निर्देशिका र २ नर्म्स समेत ६२ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। • सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • मुल्य अभिवृद्धि कर नियमावली, २०53 को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस गरेको पाइएन। • निजामती सेवा ऐन, 2049 को दफा ५क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन । • निजामती सेवा ऐन, 2049 को दफा 7ख2 वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रु.५३७६९९५ खर्च लेखेको पाईयो । • पालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यियवन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। • राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । • स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन । • दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन । • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो । • वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन । • जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । • कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । • ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। • स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । • पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्पmबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। • वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४ | | | **स्वीकृत लेखा ढाँचाः**<br>**स्वीकृत लेखा ढाँचाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले महालेखापरीक्षकबाट २०७६/२/१९ मा स्वीकृत भएको नेपाल सार्वजनिक क्षेत्र लेखामानमा आधारित ढाँचामा प्रतिवेदन तयारी तथा लेखाङ्कन गरेको नपाईएकोले गाउँपालिकाले आय तथा व्ययको लेखा महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत लेखा ढाँचामा राख्नुपर्दछ । | |
| ५ | | | **एकीकृत आर्थिक संकेतः**<br>**एकीकृत आर्थिक संकेतः** सरकारको आम्दानी, खर्च र सम्पत्ती तथा दायित्वलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप बनाउने उद्देश्यले महालेखापरीक्षकको कार्यालयबाट आर्थिक वर्ष २०७४।७५ देखि स्थानीय तहमा लागु हुने गरी एकीकृत आर्थिक संकेत, तथा वर्गीकरण र व्याख्या, २०७४ तयार गरि कार्यान्वयन गरिएकोमा गाउँपालिकाले सो बमोजिम लेखा राखेको पाईएन । अतः गाउँपालिकाले एकीकृत आर्थिक संकेत, तथा वर्गीकरण र व्याख्या, २०७४ बमोजिम राजश्व तथा खर्च संकेत अनुसार लेखा राख्नुपर्दछ । | |
| ६ | | | **मध्यकालीन खर्च संरचनाः**<br>**मध्यकालीन खर्च संरचनाः** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहित देहायको विवरण सहित मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले उक्त बमोजिम खर्चको मध्यकालीन खर्चको संरचना तयार नगरेकोले सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्दा मध्यकालीन खर्च संरचना समेत तयार गर्नुपर्दछ । (क) प्रस्तावित योजनाको उद्देश्य, (ख) प्रस्तावित योजनाको लागि सम्भाव्यता अधययन गर्न वा खर्च छुटयाउन आवश्यकताको पुष्ट्याई, (ग) प्रस्तावित योजना कार्यन्वयन हुन सक्ने आर्थिक वर्ष र त्यसपछिका दुई आर्थिक वर्षमा प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धि, (घ) प्रस्तावित योजना लागू गर्न आवश्यक पर्ने खर्चको विवरण, (ङ) खर्च व्यहोर्ने स्रोत र खर्च गरिएको रकमबाट प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धिको प्रक्षेपण, (च) प्रस्तावित योजनाको मध्यम अवधिको खर्चको रणनीति र त्यसको वार्षिक खर्चसँगको तादाम्यता, (छ) सञ्चालित योजना भए गत आर्थिक वर्षमा छुटयाइएको खर्च अनुसार लक्ष्य हासिल भए नभएको यथार्थ विवरण । | |
| ७ | | | **बार्षिक प्रतिबेदनः**<br>**बार्षिक प्रतिबेदनः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी नियमावली, २077 को नियम 35 बमोजिम प्रत्येक कार्यालयले आर्थिक बर्ष समाप्त भएको ३ महिना भित्र बार्षिक प्रतिबेदन तयार गरी मन्त्रालय, विभाग, कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने ब्यबस्था रहेकोमा बार्षिक प्रतिबेदन तयार गरेको छैन । नियमको पालना गरी बार्षिक प्रतिबेदन तयार गर्नुपर्दछ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८ | | | **चौमासिक विवरणः**<br>**चौमासिक विवरणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(५) मा स्थानीय तहले स्थानीय सञ्चित कोषमा भएको आय व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था छ । कार्यालये चौमासिक विवरण तोकिएको निकायमा पठाएको देखिएन । अतः कानुनको परिपालना हुनुपर्दछ । | |
| ९ | | | **अवकाश कोषः**<br>**अवकाश कोषः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ मा स्थानीय तहका कर्मचारीले निजको सेवा शर्त सम्बन्धी कानून बमोजिम अवकाश हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तभरण, औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउनका लागि प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट दश प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्ने गरी एक अवकाश कोष स्थापना गर्नुपर्ने व्यवस्था छ । स्थानीय सेवाका कर्मचारी अवकाश हुँदा कानून बमोजिम पाउने योगदानमा आधारित उपदान वा निवृत्तभरण, औषधि उपचार लगायतका सबै सुविधा उपलब्ध गराउन एक अवकाश कोष स्थापना गर्नुपर्दछ । | |
| १० | | | **कन्टिन्जेन्सी खर्चको अभिलेखः**<br>**कन्टिन्जेन्सी खर्चको अभिलेखः** सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ बमोजिम कन्टिन्जेन्सी खर्च जनाउँदा सम्बन्धित ठेक्काको नापी किताबमा खर्च प्रविष्ट गर्नुपर्ने र ठेक्कागत खर्चको अभिलेख राख्ने व्यवस्था गरे तापानि कार्यालयले सो अनुरूप अभिलेख राखेको पाईएन । स्वीकृत निर्देशिकाको पालना गर्नुपर्दछ । | |
| ११ | | | **लेखापरीक्षण समितिः**<br>**लेखापरीक्षण समितिः** आर्थिक कार्यविधि ऐन, 2076 को दफा 34(3) मा स्थानीय तहले लेखापरीक्षणको प्रतिवेदनमा उल्लेख भए बमोजिम सुधार भए/नभएको परीक्षण गर्न तथा आवश्यक कारबाही गर्न लेखापरीक्षण समिति गठन गर्नु पर्ने व्यवस्था छ । कार्यालयले उक्त समिति समेत गठन नगरेकोले तोकिए बमोजिम समिति गठन गरी गत विगतका लेखापरीक्षण प्रतिवेदनमाथि कारवाही गरि आर्थिक अनुशासनमा सुधार गर्नुपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२ | | | **विवरण सार्वजनिकः**<br>**विवरण सार्वजनिकः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(३) मा प्रमुख प्रशासकीय अधिकृतले गाउँपालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने तथा दफा ७६(४) मा आफ्नो आय र व्ययको विवरण प्रत्येक महिनाको सात गतेभित्र सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले खर्चको प्रगति विवरण तथा आय व्ययको विवरण सार्वजनिक गरेको देखिएन । अतः कानुन बमोजिम प्रगति विवरण कार्यपालिकामा पेश गर्ने तथा आय व्ययको विवरण सार्वजनिक गर्नुपर्दछ । | |
| १३ | | | **योजना छनौटः**<br>**योजना छनौटः** स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४(परिमार्जित) को बुंदा नं. ३ मा गाउँपालिकाले वार्षिक योजना तथा बजेट तर्जुमा गर्दा निम्न बिषयलाई प्राथमिकता दिनु पर्ने उल्लेख छ । (क) आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने, (ख) उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, (ग) जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने, (घ) स्थानीय सहभागिता जुट्ने, स्वयमसेवा पÞरिचालन गर्न सकिने तथा लागत कम लाग्ने, (ङ) स्थानीय स्रोत साधन र सीपÞको अधिकतम प्रयोग हुने, (च) महिला, बालवालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पÞुग्ने, (छ) लैंगिक समानता र सामाजिक समावेशीकरण अभिबृद्धी हुने, (ज) दीगो विकास, वातावरणीय संरक्षण तथा सम्वद्र्धन गर्न सघाउ पुर्याउने, आदी । गाउँपालिकाले विभिन्न टुक्रे योजनाहरुको सञ्चालन गरेको देखिन्छ, गाउँपालिकाद्धारा 5 लाखभन्दा कमका ५0 भन्दा बढी योजनाहरु सञ्चालन गरेको छन् । यस्तो प्रकृतिका योजनाहरुको लागि आर्थिक, मानवीय साधनहरुको लागतको तुलनामा प्राप्त प्रतिफल न्यून हुने तथा दीगो विकासमा समेत टेवा नपुग्ने देखिन्छ । अतः कार्यालयले उपलब्ध स्रोत साधनहरुलाई मितव्ययी तरिकाले परिचालन गरी प्रभावकारी रुपले उच्चत्तम प्रतिफल प्राप्त गर्ने तथा वार्षिक योजना था बजेट तर्जुमा गर्दा उल्लेखित निर्देशिकाको कार्यान्वयनमा ध्यान दिनुपर्दछ । | |
| १४ | | | **सम्पतीको संरक्षणः**<br>**सम्पतीको संरक्षणः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९७ मा स्वानिय तह तथा दफा ९८ मा जिल्ला सभाले आफ्नो क्षेत्र भित्रको सम्पतीको रेखदेख,मर्मत सम्भार गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले साविकमा गा वि स र अन्तर्गतका वडाको स्वामित्वमा रहेको भवन, जग्गा, सवारी साधन, फर्निचर, विद्युतीय सामान लगायतका सम्पत्तिको मूल्यांकन समेत देखिने गरी अभिलेख अद्यावधिक गरेको छैन । विगतका गा वि स हाल गाउँपालिकामा समायोजन भै आएका भौतिक सम्पत्तिहरु गाउँपालिकाको एकिकृत जिन्सी खातामा अभिलेख नराखेकोले यस पालिकाको यथार्थ सम्पत्तीको अवश्था मुल्याङ्कन गर्न सकिएन । कूल मूल्य खुल्नेगरी स्वामित्वमा रहेका सम्पत्तिको अद्यावधिक अभिलेख तयार गरी सम्पत्ति लेखांकनलाई सुदृढ गर्नुपर्ने देखिएको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| १५ | | | **नक्सा पासः**<br>**नक्सा पासः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ मा कसैले पनि गाउँपालिका वा गाउँपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने, दफा २८ मा गाउँपालिका वा गाउँपालिका क्षेत्रमा भवन निर्माण गर्न चाहने व्यक्ति वा सरकारी कार्यालयले भवन निर्माण गर्ने अनुमतिको लागि भवनको नक्सा सहितको तोकिएको ढाँचामा गाउँपालिका वा गाउँपालिका समक्ष दरखास्त दिनुपर्ने, दफा ३१ मा गाउँपालिका वा गाउँपालिकाले सो दरखास्त उपर जाँचवुझ गर्ने तथा दफा ३३ तथा ३४ बमोजिम भवनको नक्सा सहित भवन निमार्ण गर्न अनुमति दिनुपर्ने उल्लेख भएकोमा यस गाउँपालिका वा गाउँपालिकाको क्षेत्रमा भवन निर्माण गर्ने कुनै पनि व्यक्ति वा सरकारी कार्यालयलाई भवन निर्माणको अनुमति दिने गरेको देखिएन । यसबाट व्यवस्थित भवन निर्माणमा असर परेको छ भने गाउँपालिकाको आयस्रोतमा पनि प्रभाव पारेकोले नक्सा पास गर्ने व्यवस्था अवलम्वन गर्नुपर्ने देखिन्छ । | |
| १६ | | | **श्रोत अनुमान तथा बजेट सीमाः**<br>**श्रोत अनुमान तथा बजेट सीमाः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व वाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा बजेट सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, बजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा विषयगत क्षेत्र तथा पूर्वाधार क्षेत्रमा रकम विनियोजन गरी योजना छनौट तथा सोको प्राथमिकीकरण गरी आंशिक रुपमा कार्यान्वयनमा ल्याएता पनि ठुला पूर्वाधार क्षेत्रलाई बजेटको प्राथमिकतामा राखेको देखिएन । साना, ठुला, मझौला पूर्वाधार क्षेत्रको विकासमा बजेट व्यवस्थापन गरी आगामी दिनमा कार्यान्वयनमा ल्याउन ध्यान दिनुपर्ने देखिन्छ । गाउँको प्राथमिक आयोजना कून कून हुन प्रक्षेपण गरी बजेट तथा श्रोतको प्राथमिकता तयार गरी योजना कार्यान्वयनमा ल्याउन आवश्यक छ । | |
| १७ | | | **जिन्सी निरीक्षण प्रतिबेदनः**<br>**जिन्सी निरीक्षण प्रतिबेदनः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, 2077 को नियम ९९ बमोजिम तयार गरिएको जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेखित लिलाम बिक्री गर्नुपर्ने जिन्सी मालसामान नियम 106 बमोजिम एक महिनाभित्र प्रक्रिया शुरु गर्नुपर्ने तथा नियम 99(4) बमोजिम मर्मत सम्भार गर्नुपर्ने मालसामानको हकमा तिन महिनाभित्र मर्मत सम्भार गरिसक्नु पर्ने व्यवस्था छ ।कार्यालयबाट प्राप्त जिन्सी निरीक्षण प्रतिवेदन बमोजिम लिलाम बिक्री तथा मर्मत सम्भार गर्नुपर्ने कार्य नगरेकोले नियमानुसार गर्नुपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८ | | | **सम्पत्ति हस्तान्तरणः**<br>**सम्पत्ति हस्तान्तरणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख गरी, त्यसरी कायम भएका गाउँपालिका वा गाउँपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगतखाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा कार्यपालिकाले वडागतसमेत सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान सामानहरु गाउँपालिकाको मूल जिन्सी खातामा जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । वडा, स्वास्थ्य, शिक्षा, सेवा केन्द्र, कार्यपालिका लगायतको सम्पत्तिलाई एकिकृत गरिनुपर्दछ । | |
| १९ | | | **डोर हाजिरी फाराम नियन्त्रण खाताः**<br>**डोर हाजिरी फाराम नियन्त्रण खाताः** कार्यालयले डोर हाजिरी फाराम नियन्त्रण खाता म.ले.प.फा.नं.१७५ राख्ने गरेको छैन भने डोर हाजिरी फाराममा सिलसिलेवार नम्बर कायम गरी राखेको समेत छैन । यसले गर्दा आयोजनामा के कति डोर हाजिरी फारामहरु को, कसको नाममा र कुन कामको लागि कहिले जारी भए तथा डोर हाजिरी फारम जारी गर्नुको उद्देश्य अनुसार काम भए नभएको यथार्थ मूल्याँकन गर्ने अवस्था रहेन । डोर हाजिरी नियन्त्रण खाता राखी माग फारामको आधारमा नम्बरवाइज जारी गरी तोकिए अनुसार काम भए नभएको अनुगमन मूल्याँकन गर्ने व्यवस्था हुनु आवश्यक देखिन्छ । | |
| २० | | | **सामाजिक परीक्षणः**<br>**सामाजिक परीक्षणः** पालिकाले सार्वजनिक परीक्षण अन्तर्गत योजना संचालन, कार्यान्वयन र कार्यप्रक्रियामा पारदर्शिता र जवाफदेहिताको वृद्धि गर्न सार्वजनिक परीक्षण सम्बन्धी उपभोक्ता समिति परिचालन निर्देशिका बनाई कार्यान्वयनमा ल्याउनुपर्नेमा ल्याएको देखिएन । सार्वजनिक परीक्षण सम्बन्धी ढाँचा तोकी कार्यान्वयनमा नल्याएकोले योजनामा सार्वजनिक परीक्षण हुन सकेको पाइएन । पालिकाले केही ठूला योजनाहरू छनौट गरी सामाजिक परीक्षणको व्यवस्था समेत कार्यान्वयन गरेको देखिएन । पालिकाबाट संचालित सबै पुँजीगत एवं चालु योजनामा निर्देशिका बनाई तोकेको ढाँचा अनुरुप सार्वजनिक परीक्षण गराउने कार्य गर्नुपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| २१ | | | **खर्च बिश्लेषणः**<br>**खर्च बिश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु. 6919993.00राजस्व बाँडफाँड र अनुदानबाट रु. 373540995/- समेत रु. 380460988/- आम्दानी भएकोमा चालु तर्फ रु. 218461320/- र पूँजिगत तर्फ रु. 129335991/- र बित्तिय ब्यबस्था तर्फ रु.7537225/- -समेत रु. 355334536/- खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा 1.94 प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सबिधामा रु. 6642000/- खर्च भएको छ जुन आन्तरिक आयको ९५.९८ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६१.४८ प्रतिशत चालु र ३६.३९ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ । | |
| २२ | | | **कर्मचारी प्रोत्साहन भत्ताः**<br>**कर्मचारी प्रोत्साहन भत्ताः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कार्यसंचालन निर्देशिका, 2077 कानून बनाई यो बर्ष रु 75900/- प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको रु. | ७५,९०० |
| २३ | | | **न्यायिक समितिः**<br>**न्यायिक समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा निवेदन दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी नरहेको र यो बर्ष थप भएको 48 गरी कुल 48 विवाद दर्ता भएकोमा 38 वटा मात्र फछ्र्यौट भई 10 बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २४ | | | **आन्तरिक लेखापरीक्षणः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ मा स्थानीय तहले कानून बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा३४ मा स्थानीय तहले लेखा तथा आर्थिक कारोबारको नियमितता, कार्यदक्षता र प्रभावकारिताको आधारमा आन्तरिक लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ । कार्यालयले आर्थिक वर्ष २०७७।७८ को आन्तरिक लेखापरीक्षण गराउनुको साथै आन्तरीक लेखापरीक्षण शाखा समेत खोलेको छ । कार्यलयले आन्तरिक लेखापरीक्षणबाट देखिएको बेरुजु फर्छ्यौट गरेको देखिएन। देहायको आन्तरिक लेखपरीक्षकको बेरुजु उपयुक्त देखिएकोले असुल फर्छ्यौट गर्नु पर्दछ । | |
| २४.१ | | | 25/077/6/2 वडा नं 2 का वडा सदस्य श्री मधुसुधन घर्ति मिति 2077/5/2 को बैठकमा उपस्थिति नभई रु 2000/- र मिति 2077/6/22 वडा अध्यक्ष श्री तुल बहादुर थापा मगर बैठकमा अनुपस्थित भएकोमा भत्ता रु 1000/- बुझेको ले असुल गरी दाखिला गर्नु पर्ने रु.<br><br>**क्रम** \| **कर्मचारीको/फर्म/संगठन नाम** \| **असुली रकम**<br>२४.१.१ \| मधुसुधन घर्ति \| २,०००<br>२४.१.२ \| तुल बहादुर थापा \| १,००० | ३,००० |
| २४.२ | | | 61/077/8/22 सव ई श्री सागर पण्डितको 2077/7/14/र15 गते नपाउने दैनिक भ्रमण भत्ता भुक्तानी भएकोले असुल गरी दाखिला गर्नु पर्ने रु. 2000<br><br>कार्यालयको मिति २०७८।७।१२ को प्रतिक्रिया उपर कारवाहि हुँदा यस वुँदामा रहेको रु २०००।०० मिति २०७८।७।२५ मा फछ्यौट भएकोमा NAMS degitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागी यहाँ दर्शाइएको हो । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| २४.३ | | | 86/20779/9 ई श्री हेमराज बस्नेतलाई प्रशिक्षक भत्ता भुक्तानी गर्दा नपाउने रकम भुक्तानी भएकोले असुल गरी दाखिला गर्नु पर्ने रु. ९०००।०० कार्यालयको मिति २०७८।७।१२ को प्रतिक्रिया उपर कारवाहि हुँदा यस वुँदामा रहेको रु ९०००।०० मिति २०७८।७ ।२५ मा फछ्यौट भएकोमा NAMS degitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागी यहाँ दर्शाइएको हो । | |
| २४.४ | | | 179/2077/12/24 मिति 2077/7/23 देखि 2077/7/24 सम्म सव ई सरद अधिकारीलाई कार्यालयमा हाजिर भएको समयमा नपाउने देनिक भत्ता भुक्तानी गरेकोले असुल गरी दाखिला गर्नु पर्ने रु. १२०० कार्यालयको मिति २०७८।७।१२ को प्रतिक्रिया उपर कारवाहि हुँदा यस वुँदामा रहेको रु १२०० मिति २०७८।७।२५ मा फछ्यौट भएकोमा NAMS degitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागी यहाँ दर्शाइएको हो । | |
| २४.५ | | | 231/2078/1/16 ई श्री हेमराज बस्नेत 2077/12/9 देखि 2077/12/15 कार्यालयमा हाजिर भई दैनिक भ्रमण भत्ता भुक्तानी भएकोले असुल गरी दाखिला गर्नु पर्ने रु.८४०० कार्यालयको मिति २०७८।७।१२ को प्रतिक्रिया उपर कारवाहि हुँदा यस वुँदामा रहेको रु ८४००।०० मिति २०७८।७।२५ मा फछ्यौट भएकोमा NAMS degitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागी यहाँ दर्शाइएको हो । | |
| २४.६ | | | 327/2078/3/22 वडा नं 1 का प्राविधिक श्री रोशन जि.सी लाई जेष्ठ नागरीक सम्मान कार्क्रमका लागि रु 110000/- भुक्तानी गरेकोमा विल भरपाई बेगर भुक्तानी भएको देखिएकोले विल भरपाई पेश गर्नु पर्ने रु. | ११०,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २५ | | | **स्वकीय सचिव र सल्लाहकारः**<br>**स्वकीय सचिव र सल्लाहकारः** लुम्बिनी प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५(पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव।सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । तर गाउँ। प्रमुखको स्वकीय सचिवका रुपमा पाँचौ स्तर तलब भत्ता भुक्तानी हुने गरी श्री हेम बहादुर अधिकार र श्री तुलसा पुन मगरलाई नियुक्त गरी मासिक रु57850/- का दरले भुक्तानी गरेको अनियमित देखिएको रु. | १११५,७०० |
| २६ | | | **विपद् व्यवस्थापन कोषः**<br>**विपद् व्यवस्थापन कोषः** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकाले गत वर्षको मौज्दात समेत रु 5575743/- आम्दानी भई रु.5182777/- खर्च गरी बाँकी रु 392966/-देखिन्छ । पालिकाले खर्च मध्ये रु.392966/- कोभिड 19 मा खर्च गरेको छ । | |
| २७ | | | **कर्मचारी करारः**<br>**कर्मचारी करारः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ३२ जना कर्मचारीहरु करारमा राखी रु.९८६३०४० खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । | |
| २८ | | | **आर्थिक सहायताः**<br>**आर्थिक सहायतताः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले विभिन्न प्रयोजनको लागि यो वर्ष 40 व्यक्ति एवं संघ संस्थालाई रु.395000/- आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २९ | | | **नपाउने भत्ता भुक्तानीः**<br>नपाउने भत्ता भुक्तानीः स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्वन्धित ऐन 2076 संशोधन 2077 अनुसार को सि.नं 8 खानेपानी तथा सरसफाई रु. 2000.00 नपाउने उल्लेख भएकोमा देहायका कार्यपालिका सदस्य र वडा अध्यक्षलाई भुक्तानी गरेको देखिएकोले असुल गरी दाखिला गर्नुपर्ने रु. | |

| कार्यपालिका सदस्य /वडा अध्यक्ष | नाम | विवरण | मासिक /दर | महिना | जम्मा |
|---|---|---|---|---|---|
| अध्यक्ष वडा 1 | श्री चित्त ब.के.सी | खानेपानी सरसफाई र मर्मत | 2000 | 12 | 24000 |
| अध्यक्ष वडा 2 | श्री टुल ब.थापा | खानेपानी सरसफाई र मर्मत | 2000 | 12 | 24000 |
| अध्यक्ष वडा 3 | श्री डम्बर ब.थापा | खानेपानी सरसफाई र मर्मत | 2000 | 12 | 24000 |
| वडा अध्यक्ष4 | श्री हेमराज ओली | खानेपानी सरसफाई र मर्मत | 2000 | 12 | 24000 |
| अध्यक्ष वडा 5 | श्री दुर्गा प्रसाद आचार्य | खानेपानी सरसफाई र मर्मत | 2000 | 12 | 24000 |
| कार्यपालिका सदस्य | श्री हिरा सारु | खानेपानी सरसफाई र मर्मत | 2000 | 12 | 24000 |
| कार्यपालिका सदस्य | श्री टेक बहादुर कामी | खानेपानी सरसफाई र मर्मत | 2000 | 12 | 24000 |
| कार्यपालिका सदस्य | श्री निमा देवी सुनुवार | खानेपानी सरसफाई र मर्मत | 2000 | 12 | 24000 |
| जम्मा | | | | | 192000 |

कार्यालयको मिति २०७८।७।१२ को प्रतिक्रिया उपर कारवाहि हुँदा यस वुँदामा रहेको रु १९२०००।०० मिति २०७८।७।२५ मा फछ्यौट भएकोमा NAMS degitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागी यहाँ दर्शाइएको हो

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३० | | | **मूल्य अभिवृद्धि कर कट्टीः**<br>**मूल्य अभिवृद्धि कर कट्टीः** आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ५० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ५० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले देहायको भुक्तानीमा नियमानुसार ५० प्रतिशत रकम रु 38507.00कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ । तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनुपर्ने अन्यथा असूल हुनुपर्ने रु. | १९,२५३ |

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | प्यान नं. | भुक्तानी रकम | मुअकर कर रकम | ५० प्रतिशत रकम |
|---|---|---|---|---|---|
| 359/078/3/27 | वेब सरोवर कम्निकेसन प्रा.ली काठमाण्डौ | ५००१७९४२४ | 188324 | 24482 | 12240 |
| | | | 38939 | 5062 | 2531 |
| | | | 68952 | 8963 | 4482 |
| जम्मा | | | 296215 | 38507 | 19253 |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३१</td><td></td><td></td><td>नपाउने रकम भुक्तानीः<br>नपाउने रकम भुक्तानीः 12/077/10/19 कार्यालयले पदाधिकारीले पाउने सुविध लुम्बिन प्रदेश सरकारले बनाएको ऐन 2076 अनुसार दिनु पर्दछ । देहायका पदाधिकारीले कार्यालयबाट सरकारी मोटरसाइकल इन्धन प्राप्त गरेकोमा महिला बालबालिका जेष्ठनागरीक अपाङ्ग दिवस 2077/8/8 ,9,25 गते लैगिक हिसा विरुद्द अभियान मनाउने कार्यक्रमको समापन समारोहमा नपाउने यातायात खर्च भुक्तानी गरेको देखिएकोले असुल गरी दाखिला गर्नु पर्ने रु.
<table>
<tr><td>उपाध्यक्ष</td><td>श्री मुगा पुन</td><td>300</td></tr>
<tr><td>वडा नं 1 अध्यक्ष</td><td>श्री चिन्त बहादुर के.सी</td><td>300</td></tr>
<tr><td>वडा नं 2 अध्यक्ष</td><td>श्री तुल बहादुर थापा</td><td>350</td></tr>
<tr><td>वडा नं 23अध्यक्ष</td><td>श्री डम्बर बहादुर पौडेल</td><td>200</td></tr>
<tr><td>वडा नं 4 अध्यक्ष</td><td>श्री हेमराज ओली</td><td>500</td></tr>
<tr><td>वडा नं 5 अध्यक्ष</td><td>श्री दुर्गा प्रसाद आचार्य</td><td>300</td></tr>
<tr><td>जम्मा</td><td></td><td>1950</td></tr>
</table>
कार्यालयको मिति २०७८।७।१२ को प्रतिक्रिया उपर कारवाहि हुँदा यस बुँदामा रहेको रु 1950 .00 मिति २०७८।७।२५ मा फछ्यौट भएकोमा NAMS degitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागी यहाँ दर्शाइएको हो</td><td></td></tr>
<tr><td>३२</td><td></td><td></td><td>धरौटीः<br>धरौटीः गत बर्षको जिम्मेवारी रु 3583692.00यस वर्षको धरौटी आय रु. 2389675.00गरी जम्मा आम्दानी रु. 5973367.00 भई फिर्ता खर्च रु. 2354448.00 बांकी मौज्दात रु. 3618919.00देखाएको मध्ये रु. 210949.57 को नाम नामेसी नखुलाएको रकम देखिएकोले आवश्यक छानविन गरी नाम नामेसी खुलाउने र नखुल्ने रकम आवश्यक निर्णय गरी सदर स्याहा गरी संचितकोषमा आम्दानी जनाउनु पर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३३ | | | **स्थानीय भत्ता-**<br>**स्थानीय भत्ता-** भ्रमण खर्च नियमावली २०६४ को ७(११) अनुसार सरकारी कामको सिलसिलामा भ्रमणमा रहि दैनिक भ्रमण भत्ता उपयोग वा कर्मचारीले दैनिक भत्ता उपयोग गरेको अवधिमा फिल्डभत्ता, बैठक भत्ता, स्थानीय भत्ता वा तालिम भत्ता लिन पाउने ब्यवस्था रहेको देखिदैन । कार्यालयले दैनिक भ्रमण भत्ता भुक्तानी गर्दा सो अवधिको स्थानिय भत्ता कट्टा गरी भुक्तानी गरेको देखिएन । नियमको पालना गरी भुक्तानी हुनु पर्दछ । | |
| ३४ | | | **सवारी साधन खरिदः**<br>**सवारी साधन खरिदः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु भनिएकोमा केन्द्रीय सरकारको वित्तिय समानिकरण अनुदानको मौज्दात रकमबाट भुक्तानी दिन मिल्ने देखिदैन । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले १ थान दुई पांग्रे सवारी साधन खरिदमा रु. २८०९००/- तथा १ थान एम्बुलेन्स खरीदमा रु ९५६६२४/- समेत रु.१२३७४२४/- खर्च गरेको देखिन्छ । | |
| ३५ | | | **एम्बुलेन्स खरीदः**<br>**एम्बुलेन्स खरीदः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) बमोजिम खर्च लेख्नु अघि त्यस्तो खर्च पुष्टि गर्ने बिल ।भरपाई संलग्न गरी रित पुगे वा नपुगेको जाँच गरी भुक्तानी दिनु पर्ने व्यवस्था छ। कार्यालयले गो.भौ.न. १२०/०७८/२/२० बाट एम्बुलेन्स खरीद वापत अग्नि ईन्कपोरेटेड लाई रु ९५६६२४/- भुक्तानी गरेकोमा निज संग भएको संझौता मात्र पेश हुन आएको छ । सक्कल विल भर्पाई, आयात गरेको प्रज्ञापन पत्र आदी पेश हुन नआएकोले खर्चको पुष्ट्याई गर्ने प्रमाण कागजात पेश हुनुपर्ने देखिएको रु. | ९५६,६२४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३६ | | | **सुरक्षित नागरिक आवास कार्यक्रमः**<br>**सुरक्षित नागरिक आवास कार्यक्रमः** २२५/०७८/३/२७ आर्थिक वर्ष ०७७/७८ मा यस पालिका भित्र रहेको खरको छाना विस्थापन गरी जस्तापाता लगाउने कार्यक्रम अनुसार सुरुमा १०० घरधुरीको छनौट गरी ति मध्ये ६० घरधुरी लाई जनही रु २००००/- को दरले रु १२०००००/- पेश्की उपलव्ध गराएको देखिन्छ ।प्राप्त फाटवारी अनुसार ७७ घरधुरीहरु बाट प्राविधिक मुल्याकंन अनुसार रु. ५५४०५५८/- को काम सम्पन्न भई प्रत्येक घरलाई रु. ५००००/- को दरले रु. ३८५००००/- भुक्तानी दिएको पाइयो ।यस कार्यक्रमबाट लाभग्राही हुने मध्ये वडा नम्बर ४ बाट सवै भन्दा बढी ३१ जना (४१प्रतिशत) ले पाएको देखिन्छ भने वडा नम्बर ५ का कुनै पनि घरधुरी ले यो सेवा लिएको देखिएन ।यस्तो कार्यक्रम सञ्चालन गर्दा प्राविधिक मुल्याकंनको साथै गाउँपालिका स्तर बाट समेत अनुगमन समिती गठन गरी काम सम्पन्न भए नभएको अनुगमन प्रतिवेनन तयार गर्नु पर्नेमा यस्तो प्रतिवेनन तयार गरेको देखिएन । यस कार्यक्रमको लागि ६० भरधुरीलाई रु २००००/-को दरले रु १२०००००/- पेश्की दिएको मध्ये ४९ घरधुरीले मात्र जस्तापाता लगाएको विवरण प्राप्त हुन आएकोले वांकी ११ घरधुरीलाई पेश्की वापत दिएको रु २२००००/- असुल हुनुपर्ने देखिएको रु. | २२०,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३७ | | | **हेभी इक्विपमेण्टको प्रयोग**<br>**हेभी इक्विपमेण्टको प्रयोग** — सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन : | |

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|---|
| ३५/०७७१२/३ | सिरुवारी मोटर वाटो उ.स. | मोटर वाटो | ६७०००० | डोजर, एक्साभेटर | ६७०००० |
| ७३/०७७/१२/३० | सिमलचौर सडक उ.स | मोटर वाटो | १००००० | डोजर, एक्साभेटर | १०००००० |
| १९३/०७८/३/१९ | वसुन्धरा तिल्केनी सडक उ.स | मोटर वाटो | ७९०००० | डोजर, एक्साभेटर | ७९०००० |
| जम्मा | | | | | २४६०००० |

नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३८</td><td></td><td></td><td>जटिल संरचना निर्माणः<br>जटिल संरचना निर्माणः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :<br>
<table>
<tr><th>गोभौनं./मिति</th><th>उपभोक्ता समितिको नाम</th><th>कामको विवरण</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>३५/०७७/१२/१३</td><td>सिरुवारी सडक उ.स.</td><td>सडक निर्माण</td><td>६७००००</td></tr>
<tr><td>२२३/०७८/३/६</td><td>गोलवाङ्ग ड्रीलीङ्ग खानेपानी उ.स.</td><td>खानेपानी योजना</td><td>२००००००</td></tr>
<tr><td>२१०/०७८/३/२१</td><td>कुमाल टार झो.पु.उ.स.</td><td>झोलुङ्गे पुल निर्माण</td><td>९१४५९०</td></tr>
<tr><td>२१९/०७८/३/२५</td><td>तिराम खानेपानी. उ.स.</td><td>खानेपानी योजना</td><td>२००००००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>५५८४५९०</td></tr>
</table></td><td></td></tr>
<tr><td>३९</td><td></td><td></td><td>गुणस्तर परीक्षणः<br>गुणस्तर परीक्षणः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । सो सम्बन्धमा कार्यालयको ध्यान जानुपर्ने देखियो ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४० | | | **डीपीआर खर्चः**<br>**डीपीआर खर्चः** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।<br><table><tr><td>कार्य विवरण</td><td>परामर्शदाता</td><td>स्वीकृत रकम</td><td>आयोजनाको लागत</td></tr><tr><td>अस्पताल निर्माण कार्य</td><td>ईन्जीनीयरीङ्गको घर प्रा.लि.</td><td>१४९१०३५</td><td>१७८३०३००९</td></tr><tr><td>ठुली लेखमा पर्यटन प्रवर्धन</td><td>नोडल ईन्जीनियरीई</td><td>७९४४२१</td><td>३०४०००००</td></tr></table>यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु मध्ये कतिपयको कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन । | |
| ४१ | | | **मूल्य अभिवृद्धि कर कट्टीः**<br>**मूल्य अभिवृद्धि कर कट्टीः** आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ५० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ५० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले ईभिना निर्माण सेवालाई दिएको देहायको भुक्तानीमा नियमानुसार ५० प्रतिशत रकम रु ३८५४०.०० कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ ।<br><table><tr><td>गोभौनं./मिति</td><td>योजनाको विवरण</td><td>भुक्तानी रकम</td><td>मुअकर कर रकम</td><td>५० प्रतिशत रकम</td></tr><tr><td>३५/०७७/१२/३</td><td>सडक निर्माण</td><td>670000</td><td>77079</td><td>38540</td></tr><tr><td>६१/०७७/१०/२७</td><td>खानेपानी</td><td>577523</td><td>66440</td><td>33220</td></tr><tr><td></td><td>जम्मा</td><td>1247523</td><td>143519</td><td>71760</td></tr></table>तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनेपर्ने अन्यथा असुल हुनुपर्ने रु | ७१,७६० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४२ | | | **सामाजिक सुरक्षा तथा जेष्ठनागरीक सम्मान कार्यक्रम**<br>**सामाजिक सुरक्षा खर्चः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा १५ बमोजिम कार्यालयले पेश गरेको विवरण अनुसार आ व २०७७/७८ मा यस गाउँपालिकाका ५ वटा वडाको करीव १५०६ लाभग्राहीको लागि सामाजिक सुरक्षा भत्ता बापत रु ३३४४९०००/- को बजेट व्यवस्था भएकोमा रु ३३४४९००/- नै निकासा भएको देखिन्छ ।यस सम्बन्धमा देहायका व्यहोरा देखिएको छ । | |
| ४२.१ | | | **लाभग्राही परिचयपत्र अभिलेखः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ को दफा १० र ११ अनुसार स्थानीय तहले भत्ता पाउने लाभग्राहीहरुको फोटो सहित मुल अभिलेख अद्याविधिक गरि वडा कार्यालय अनुसार तयार गर्ने र केन्द्रिय पञ्जिकरण विभागले सञ्चालनमा ल्याएको व्यवस्थापन सुचना प्रणाली एम. आइ .एस मा प्रविष्ट गरि प्रणालीबाट प्राप्त भए बमोजिमको परिचय पत्र लाभग्राहीले भत्ता पाउन सुरु गर्ने चौमासिक भन्दा अघिल्लो चौमासिक सम्ममा उपलब्ध गराइसक्नु पर्ने व्यवस्था रहेको छ । पालिकाले निर्देशिका अनुसार मुल अभिलेख परिचयपत्र तथा एम. आइ .एस प्रविष्टी गरेको भएतापनि सो को अधावधिक अभिलेख तयार गरेको देखिएन । | |
| ४२.२ | | | **सार्वजनिक सुनुवाईः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ अनुसार गाउँपालिकाको वडा समितिले प्रत्येक चौमासिकमा कम्तिमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र सार्वजनिक सुनुवाईबाट प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफुले सम्बोधन गर्न नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। गाउँपालिकाको कुनै पनि वडा समितिले यस सम्बन्धमा नागरिक सुनुवाईको कार्यक्रम सञ्चालन गरेको पाइएन। गाँउपालिकाले यस तर्फ ध्यान दिई वास्तविक लाभग्राहीको अभिलेख अध्यावधिक गर्नुपर्दछ। | |
| ४२.३ | | | भत्ता वितरणको अनुगमनः सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७५ कार्यविधिको बुदा न २८ मा स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समितिले चौमिसिक रुपमा बैठक बस्ने तथा अनुगमन प्रतिवेदन प्रमुख वा अध्यक्ष समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । तर त्यस अनुसार अनुगमन गर्ने बैठक बस्ने तथा प्रतिवेदन प्रस्तुत गर्ने गरेको देखिएन । अतः कार्यविधि अनुसारको कार्यहरु कार्यान्वयन गरिनु पर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४३ | | | **मु.अ.कर दाखिलाः**<br>**मु.अ.कर दाखिलाः** नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा अदी) उत्खनन्, संकलन तथा विक्री वितरण गर्ने कार्यको ठेक्का बन्दोबस्त गर्न कार्यालय र सेवा प्रदायक संस्थाहरु बीच भएको सम्झौता अनुसार सेवा प्रदायकले बुझाउनु पर्ने मूल्य अभिवृद्धि कर तथा नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित ऐन नियम अनुसार बुझाउनु पर्ने अन्य कर, दस्तुर, शुल्क सबै सेवा प्रदायकले र सम्बन्धित राजश्व कार्यालयमा बुझाउनु पर्ने व्यवस्था गरेको छ । तर नदीजन्य पदार्थको आय ठेक्का स्वीकार गर्ने निर्माण व्यवसायीबाट असुल गरी स्थानीय तहले स्थानीय तहकै नामबाट सम्बन्धित आन्तरीक राजश्व कार्यालयमा दाखिला गर्नुपर्ने मूल्य अभिवृद्धि कर रु.१९६३००।०० निर्माण व्यवसायी (स्थायी लेखा नम्बर ले आफ्नै नामबाट आन्तरीक राजश्व कार्यालयमा दाखिला गरेको देखियो । मु.अ.कर स्थानीय तहको नामबाट दायित्व हुने र सम्बन्धित व्यवसायीले हिसाब मिलान समायोजन गर्न नपाउनेमा व्यवसायीकै नामबाट व्यवसायीको सम्पर्क नम्बर तथा भ्याट नम्बर उल्लेख गरिएकोले व्यवसायीहरुलाई अनुचित लाभ पुग्न गएको देखियो । व्यवसायीको नामबाट मु.अ.कर दाखिला गरिएकाले स्थानीय तहले विक्रि गरेको प्राकृतिक श्रोत (ढुङ्गा, गिट्टी, बालुवा अदी) को मु.अ.कर व्यवसायीबाट असुल गरी स्थानीय तहको नामबाट दाखिला हुनु पर्ने रु. | १९६,३०० |
| ४४ | | | **आय ठेक्का**<br>**आय ठेक्का** – गाउँपालिकाले माडी, झिमरुक र अरङ्ग खोलाको नदीजन्य पदार्थको उत्खनन तथा संकलन कार्यको लागी २०७७।५।२९ मा लबन्दी दवरभाउपत्र आवह्नन गरी स्वर्गद्धारी एग्रोभेटलाई ठेक्का सम्झौता २०७७।६।२६ गरेको छ ।सम्झौता अनुसारको समयमै रु.१५१००००।०० आम्दानी गरेको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४५ | | | **गिट्टी ढुंगा बालुवाको करः**<br>**गिट्टी ढुंगा बालुवाको करः** स्थानीय सरकार संचालन ऐन, २०७४ दफा ६४ को उपदफा १(च), ३ र ४ मा ढुंगा गिट्टी बालुवाको करमा प्रदेश सरकार तथा स्थानीय तहको दोहोरो अधिकार रहने, करको दर सम्बन्धित प्रदेशले निर्धारण गरी स्थानीय तहहरुले संकलन गरेर प्रदेश स्तरको कोषमा जम्मा गर्ने व्यवस्था गरी जम्मा गर्ने गरेको थियो । तर उक्त दफा संघीय आर्थिक ऐन, २०७५ द्धरा खारेज गरी दफा ६२(क) थप गरी स्थानीय तहहरुले ढुंगा गिट्टी बालुवा बिक्री गरी प्राप्त रकम आफ्नो संचित कोषमा जम्मा गर्ने व्यवस्था गरेको छ । यसै सम्बन्धमा लुम्बिनी प्रदेश सरकारको आर्थिक ऐन, २०७६ को दफ ९ मा संघीय कानूनमा संघीय कानुनसंग बाझिने गरी ढुँगा गिट्टी बालुवा दहत्तर बहत्तरको शुल्क असूली र बाँडफाँड सम्बन्धी व्यवस्था गरेको छ । लुम्बिनी प्रदेश सरकारको आर्थिक ऐन, २०७६ को दफ ९(क) अनुसार ढुँगा गिट्टी बालुवा वापत संकलित चालिस प्रतिशत प्रदेश संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । यसै गरी संघीय मन्त्रिपरिषद्ले ढुँगा गिट्टी बालुवा उत्खन्न बिक्री तथा व्यवस्थापन मापदण्ड, २०७७ जारी गरी ढुँगा गिट्टी बालुवा विक्री वापतको राजस्व स्थानीय तहले संकलन गरी प्रदेश र स्थानीय तहबीच क्रमशः ४० र ६० प्रतिशत हुने गरी बाँडफाँड गर्नुपर्ने व्यवस्था गरेको छ । जुन स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ विपरित देखिन्छ ।पालिकाले यस वर्ष ढुँगा गिट्टी बालुवा विक्रीबाट रु.१५१००००.०० प्राप्त गरेकोमा रु.६०४०००.०० प्रदेश संचित कोष र रु.९०६०००.०० स्थानीय संचित कोषमा जम्मा गरी रु. १५१००००.०० बाँडफाँड गर्न बाँकी देखिन्छ । गिट्टी ढुँगा बालुवाबाट प्राप्त हुने राजस्व उत्पत्तीका आधारमा एवं सो संकलन गर्दा पर्ने वातावरणीय असर सम्बन्धित प्रदेशसंग भएकोले राजस्व बाँडफाँड सम्बन्धी कानून तर्जुमा गर्दा सो विषयलाई मध्य नजर गरी संघीय कानूनसंग नबाझिने गरी स्पष्ट कानूनी व्यवस्था गर्ने र सोको आधारमा राजस्व संकलन र बाँडफाँड गर्नुपर्दछ । | |
| ४६ | | | **शिक्षक दरवन्दी र पदपूर्तिः**<br>**शिक्षक दरवन्दी र पदपूर्तिः** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २६ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । | |

| क्र.स. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पद पूर्ती | पद पूर्ती मध्य करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | स्वर्गद्धारी प्रा.वि. माण्डवी ४ सिरवारी | 1 | 1 | 0 | 56 |
| २ | जनज्योती प्रा.वि.माण्डवी ४ धनचौर | 2 | 2 | 0 | 66 |
| ३ | सरस्वती प्रा.वि. माण्डवी ४ मुकचौर | 2 | 2 | 1 | 52 |
| | | 2 | 2 | 1 | 110 |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ४ | ऐश्वर्य प्रा.वि.माण्डवी ४ डाँडाकटेरी | | | | | | |
| | | | | ५ | कामाक्षी मा.वि.माण्डवी ४ उदयपुरकोट | 8 | 8 | 4 | 766 | | |
| | | | | ६ | यज्ञश्वरी प्रा.वि. माण्डवी ४ सल्लिखर्क | 3 | 3 | 0 | 88 | | |
| | | | | ७ | आधार प्रा.वि. माण्डवी २ धनचौर | 2 | 2 | 0 | 63 | | |
| | | | | ८ | बालज्योती प्रा.वि. माण्डवी २ खुक्लिचौर | 0 | 0 | 0 | 21 | | |
| | | | | ९ | सुन्नानी आ.मा.वि. माण्डवी २ रातापानी | 15 | 15 | 5 | 589 | | |
| | | | | १० | ने.रा.प्रा.वि.माण्डवी २ मर्कावाङ्ग | 2 | 2 | 1 | 153 | | |
| | | | | ११ | गणेश आ.वि. माण्डवी २ ढिकावन | 4 | 4 | 3 | 312 | | |
| | | | | १२ | ने.रा.प्रा.वि.माण्डवी २ ढाँड | 3 | 3 | 2 | 133 | | |
| | | | | १३ | माण्डवी मा.वि. माण्डवी ३ नयाँगाउँ | 21 | 21 | 11 | 966 | | |
| | | | | १४ | भवानीश्वरी आ.वि. माण्डवी ३ जस्पुर | 5 | 5 | 1 | 227 | | |
| | | | | १५ | रामेश्वरी प्रा.वि. माण्डवी ३ आँपचौर | 3 | 3 | 1 | 96 | | |
| | | | | १६ | कृष्ण आ.वि. माण्डवी ३ मार्सिवाङ्ग | 6 | 6 | 3 | 258 | | |
| | | | | १७ | परमेश्वरी प्रा.वि. माण्डवी ३ सल्लिकोट | 0 | 0 | 0 | 32 | | |
| | | | | १८ | ने.रा.आ.वि. माण्डवी ५ जुजेनेटा | 5 | 5 | 1 | 186 | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १९ | ज्योती प्रा.वि. माण्डवी ५ चकचके | 3 | 3 | 2 | 126 | | |
| | | | | २० | बागिश्वरी मा.वि. माण्डवी ५ तिग्रा | 5 | 5 | 2 | 359 | | |
| | | | | २१ | खड्ग प्रा.वि.माण्डवी ५ चिन | 3 | 3 | 0 | 84 | | |
| | | | | २२ | अरुणा भ. प्रा.वि. माण्डवी १ कुमालटार | 3 | 3 | 1 | 99 | | |
| | | | | २३ | गणेश प्रा.वि. माण्डवी १ तिराम | 3 | 3 | 2 | 158 | | |
| | | | | २४ | गणेश मा.वि. माण्डवी १ तिराम | 16 | 16 | 7 | 494 | | |
| | | | | २५ | ने.रा.प्रा. वि माण्डवी १ थक्लेनी | 3 | 3 | 0 | 169 | | |
| | | | | २६ | लोकभक्त प्रा.वि. माण्डवी १ सिमल्चौर | 1 | 1 | 1 | 52 | | |
| | | | | जम्मा | | 121 | 121 | 49 | 5715 | | |

माथिको तालिका अनुसार २ वटा विद्यालयमा शिक्षक दरबन्दी नभएको तर विद्यार्थी ५३ जना रहेको देखिन्छ । शिक्षक दरबन्दी नभएको विद्यालयमा आवश्यक शिक्षकको व्यवस्था गर्दै विद्यार्थी कम भएका विद्यालयहरुलाई एक आपसमा गाभ्ने तर्फ सम्बन्धित निकायको ध्यान जानु पर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४७ | | | **२ कोठे विद्यालय भवन निर्माणः**<br>**२ कोठे विद्यालय भवन निर्माणः** राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत यस पालिका अन्तर्गत ८ वटा विद्यालयहरुमा २ कोठे विद्यालय भवन निर्माण गर्न प्रति विद्यालय रु.१८०००००।०० का दरले रु.३६०००००।०० संघबाट अनुदान प्राप्त छ । सो अनुदान दोस्रो तथा तेस्रो चैमासिकमा प्राप्त गरी उपभोक्ता समिति मार्फत कार्य गरेको तथा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको २०७८।३ २० को पत्रानुसार यस कार्यक्रमको कार्यान्वयको क्रममा कोभिड १९ को कारण चालू आर्थिक वर्ष २०७७।७८ मा सम्पन्न गर्न प्राविधिक र व्यवहारिक कठिनाइ हुने देखिएकोले विनियोजिन बजेट स्थानीय तहबाट सम्बन्धित विद्यालयहरुको खातामा निकासा दिई सोको प्रतिवेदन, लेखापरीक्षण कार्यको लागि सम्बन्धित विद्यालयलाई जिम्मेवार र जवाफदेही बनाउने उल्लेख भएको छ । भवन निर्माण गर्न उपभोक्ता समितिले सम्झौता गरी कार्य सम्पन्न कम समयमा गरेको छ साथै अनुदान प्राप्त गर्ने सबै विद्यालयहरुले भवन निर्माण कार्य २०७७।७८ मा नै सम्पन्न गरेको कागजात पेश भएको निम्न छ।<br><br>क्र.सं. \| विद्यालयको नाम \| सम्झौता मिति \| कार्य सम्पन्न मिति \| अनुदान रकम<br>१ \| कामाक्षी मा वि, नं ४ \| २०७८।१।५ \| २०७८।३।२१ \| १८०००००<br>२ \| गणेश मा वि, वडा नं १ \| २०७८।१।९ \| २०७८।३।२० \| १८०००००<br>जम्मा \| \| \| \| ३६०००००<br><br>कार्यसम्पन्न प्रतिवेदन अनुसार नै भनव निर्माण कार्य यति छोटो समयमा उपभोक्ता समितिबाट भयो भनी एकीन हुन नसकिएकोले पालिकाले निर्माण कार्यको अनुगमन गरी एकीन गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४८ | | | **सिकाई सहजीकरणः**<br>**सिकाई सहजीकरणः** कोभिड १९ का कारण उत्पन्न विषम परिस्थितिमा बालबालिकालाई घरमै बसी बैकल्पिक विधिबाट सिकाई संचालन गर्न पालिकाको २०७८।३।२० गतेको निर्णय अनुसार गाउँपालिका भित्रका १० वटा विद्यालयमा यो कार्यक्रम संचालन गरेको छ । कार्यक्रम अनुसार विद्युतीय माध्यकबाट पठनपाठन गर्न आवश्यक पर्ने सामाग्रि तथा प्रविधि खरिद गरी विद्यालयहरुलाई हस्तान्तरण गरे वापत रु. खर्च लेखेको छ । विद्युती माध्यमबाट विद्यालयमा पठनपाठनको लागि आवश्यक सामाग्री गाउँपालिकाले खरिद गरी विद्यालयहरुलाई हस्तान्तरण गरेकोमा देहायका सामग्रीहरु पालिको जिन्सीमा मौज्दात रहेको पाइयोः | |

| गो.भौ.नं. | खरिद गरेको सामानको नाम र संख्या | वितरण गरेको सामान संख्या | बाँकी सामान | बाँकी सामानको मुल्य |
|---|---|---|---|---|
| २०७/२०७८/३/२५ | मोवाईल ३५० थान | ३५० | १९ | २७०७५ |
| २०९/२०७८/३/२५ | कक्षा १ को किताब ७५० थान | ५०० | २५० | ३३३३५ |
| २०९/२०७८/३/२५ | कक्षा २ को किताब ६८० थान | ५१५ | १६५ | २४०५२ |
| २०९/२०७८/३/२५ | कक्षा ३ को किताब ६०० थान | ५२२ | ७८ | १३०४५ |
| २०९/२०७८/३/२५ | कक्षा ४ को किताब ५६८ थान | ४८९ | ७९ | १३८८१ |
| २०९/२०७८/३/२५ | कक्षा ५ को किताब ५५० थान | ४६८ | ८२ | १४९१८ |
| जम्मा | | | | १२६३०६ |

यसरी गाउँपालिकाले शैक्षिक सामाग्री खरिद गरेको सामानहरु प्रयोग नगरी भण्डारमा रहँदा कार्यालयलाई थप व्ययभार परेको पाइयो। सामाग्री गरिद गर्दा आवश्यकताको आधारमा मात्र गरी अनावश्यक खर्च कटौती वितव्ययीता अपनाउनु पर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४९ | | | **औषधी खरिदः**<br>**औषधी खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर स्थानीय तहहरुले उक्त प्रक्रिया वेगर रु.२४३४९३८ का औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः<br>खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको ।<br>आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको ।<br>आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन।<br>तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।<br>औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको । | |
| ५० | | | **न्यानो झोला खरिदः**<br>**न्यानो झोला खरिदः** गाउँपालिकाले यस वर्ष ३०० थान न्यानो झोला रु. २६९५०५ को खरिद गरेको छ । कार्यालयको विवरण अनुसार आर्थिक वर्षमा न्यानो झोला १४० थान वितरण गरी १६० थान मौज्दात बाँकी रहेको देखिन्छ। न्यानो झोला लामो समयम सम्म भण्डारण गर्दा प्रयोग गर्न नमिल्ने हुनको साथै आवश्यकता भन्दा बढी खरिद गर्दा कार्यालयलाई अनावश्यक व्ययभार पर्न जाने हुनाले आवश्यकताको आधारमा मात्र खरिद गरी खर्च मितव्ययीता गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५१ | | | **मातृ तथा नवशिशु कार्यक्रमः**<br>**मातृ तथा नवशिशु कार्यक्रमः** आमा सुरक्षा कार्यक्रम कार्यान्वयन कार्यविधि २०६५ अनुसार ४ पटक गर्भ जाँच तथा स्वास्थ्य संस्थामा सुत्केरी गराउन उत्प्रेरणा वापतको यस वर्ष रु.११५११५६००।०० खर्च लेखेको छ । जसमा ७ वटा स्वस्थ्य संस्थाहरुमा ४ पटक गर्भ जाँच गराएको, स्वास्थ्य संस्थामा सुत्केरी गराएको मासिक तथा वार्षिक एकीकृत विवतरण तयार तयार नरेको पाइएन । जसले गर्दा भुक्तानी गरेको खर्च विस्तृत परीक्षण गर्न सकिएन । अतः आगामि दिनमा गाउँपालिकाले प्रत्येक स्वास्थ्य संस्थाले गर्भ जाँच तथा सुत्केरी गराएको महिलाहरुको एकीकृत विवरण तयार गरी खर्च लेख्नुपर्दछ । | |
| ५२ | | | **प्रकोष व्यवस्थापनकोष-**<br>**प्रकोष व्यवस्थापनकोष- य**स कोषमा गत वर्षको जिम्मेवारी सहित आम्दानी रु. 5575743.00 खर्च रु. 5182777.00 खर्च भई रु. 392966.00 बांकी देखाएकोमा सबै खर्च कोभिड 19 मा भएको देखियो । | |
| ५३ | | | **तलबी प्रतिवेदनः**<br>**तलबी प्रतिवेदनः** निजामति सेवा ऐन, २०४९ को दफा २७(ख) मा स्वास्थ्य सेवा तर्फका कर्मचारीहरुको तवली प्रतिवेदन सम्बन्धित कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट पारित गरी खर्च लेख्नु पर्ने व्यवस्था छ । गाउँपालिका अन्तर्ग कार्यरत स्वास्थ्य सेवातर्फको कर्मचारीहरुको २०७७।७८ तलबी प्रतिवेदन पारित नगरी रु. १६१३७१५९ खर्च लेखेको छ । जसले गर्दा शिक्षकहरुको तलब एवं ग्रेड भिडान गरी खर्च एकीन गर्न सकिएन । | |
| ५४ | | | **लघु उद्यम विकास कार्यक्रम**<br>**भरपाई नभएकोः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । वरिष्ठ उद्यम विकास सहजकर्ता फुर्स बहादुर नेपालीले वडा स्तरीय कार्यक्रम र सहभागितात्मक ग्रामीण लेखाजोखा कार्यक्रम वडा नं ३ ४ मा २०७७।९।५र ६ गते संचालन गरी भुक्तानी रु.३५५००।०० दिएकोमा श्रोत व्यक्ति भत्ता खर्च रु.४०००।०० जनाएको छ । श्रोत व्यक्तिको र कसलाई भुक्तानी भएको हो उपस्थिति र भुक्तानी गरेको भरपाई पेश नभएकोले उक्त रकम असूल गरी दाखिला गर्नुपर्ने रु.३५७२।००<br>कार्यालयको मिति २०७८।७।१२ को प्रतिक्रिया उपर कारवाहि हुँदा यस वुँदामा रहेको रु ३५७२।०० मिति २०७८।७।२५ मा फछ्यौट भएकोमा NAMS degitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागी यहाँ दर्शाइएको हो | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ५५ | | | **लघु उद्यम विकास कार्यक्रम**<br>**भरपाई नभएकोः** २३।२०७८।३।३० वरिष्ठ उद्यम विकास सहजकर्ता फूर्स बहादुर नेपालीले प्रतिस्प्रर्धामा छनौट भएका व्यवसायी विकास सेवा प्रदायक संस्थाहरु मार्फत उद्यमीको स्तरोन्नती कार्यक्रम वडा नं ३मा संचालन गरी रु.१६३१०२४।०० पेश्की फछ्यौट गरेको छ । तालिमाम खरिद गरेको १० वटा सिलाई मेशिन र १ ओभरलक मेशिन रु.१६४०१०।०० बराबरको सहभागी नर्मला मिजार र डमा कार्कीलाई जिम्मा लगाएको छ । निजहरुलाई वितरण गर्नु र प्रयोग कसले गर्ने हो सोको कारण नखुलाएको साथै निजहरुको परिचय खुल्ने कागजात पेश नभएकोले प्रमाण पेश हुनु पर्ने रु.१६४०१९।००<br><br>कार्यालयको मिति २०७८।७।१२ को प्रतिक्रिया उपर कारवाहि हुँदा यस वुँदामा रहेको रु १६४०१९।०० मिति २०७८।७।२५ मा फछ्यौट भएकोमा NAMS degitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागी यहाँ दर्शाइएको हो | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५६ | | | **लघु उद्यम विकास कार्यक्रम**<br>**भरपाई नभएकोः** २३५।२०७८।३।३० उद्यम विकास सहजकर्ता विनोत कुमार अधिकारीले प्रतिस्प्रर्धामा छनौट भएका व्यवसायी विकास सेवा प्रदायक संस्थाहरु मार्फत उद्यमीको स्तरोन्नती कार्यक्रम वापत रु.३००००००।०० पेश्की फछ्यौट गरेको छ । जसमा पुनताजकी सिलाई कटाई तालिम २०७८ वैशाख २० देखि असार ९ गते सम्म संचालन गरी सहभागी निम्न ६ जनालाई सिलाई मेशिन खरिद गरी वितरण गरेकोमा निजहरुलाई वितरण गर्ने निर्णय तथा परिचय खुल्ने कागजात पेश नभएकोले प्रमाण पेश हुनु पर्ने रु. ९१८६९।०० | |

| क्र सं | नाम | परिमाण | मुल्य |
|---|---|---|---|
| १ | विमला थापा | १ | १५३११.५ |
| २ | कुश्मा राहुमगर | १ | १५३११.५ |
| ३ | रिता वि क | १ | १५३११.५ |
| ४ | यामी डाँगी | १ | १५३११.५ |
| ५ | यामा खत्री | १ | १५३११.५ |
| ६ | फनि थापा | १ | १५३११.५ |
| जम्मा | | | ९१८६९. |

कार्यालयको मिति २०७८।७।१२ को प्रतिक्रिया उपर कारवाहि हुँदा यस वुँदामा रहेको रु ९१८६९।०० मिति २०७८।७।२५ मा फछ्यौट भएकोमा NAMS degitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागी यहाँ दर्शाइएको हो

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५७ | | | **सहभागी यातायात खर्चः** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
सहभागी यातायात खर्चः २३६।२०७८।३।३० नायब प्रविधिक सहाय किरण गिरीले सुनौलो हजार दिनका आमाहरुलाई पोषण, तरकारी खेती, उन्नत जातका कुखुरा तथ पशुपालन सम्बन्धी २ दिने तालिक संचालन गरी सहभागी भत्ता खर्च रु.८०५०० सहितको पेश्की फछ्यौट गरेको छ । तालिममा सहभागीहरुलाई दैनिक रु.२५० का दरले २ दिनको यातायात खर्च रु.८०५०० लेखेकोमा सहभागीहारुलाई रु.७६००० मात्रै बुझाउको भरपाई संलग्न गरेकोले बढी खर्च लेखेको रकम असूल गरी संचिन कोष दाखिला गर्नुपर्ने रु. ४५००।००
<table>
<tr><th>क्र.सं.</th><th>तालिम संचालन मिति</th><th>सहभागी संख्या</th><th>भुक्तानी रु</th></tr>
<tr><td>१</td><td>२०७८।३।४ र ५ गते</td><td>३७</td><td>१८५००</td></tr>
<tr><td>२</td><td>२०७८।३।६ र ७ गते</td><td>३२</td><td>१६०००</td></tr>
<tr><td>३</td><td>२०७८।३।८ र ९ गते</td><td>३०</td><td>१५०००</td></tr>
<tr><td>४</td><td>२०७८।३।१० र ११ गते</td><td>३०</td><td>१५०००</td></tr>
<tr><td>५</td><td>२०७८।३।१२ र १३ गते</td><td>२३</td><td>११५००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>७६०००</td></tr>
<tr><td>लेखेको खर्च</td><td></td><td></td><td>८०५००</td></tr>
<tr><td>बढी खर्च</td><td></td><td></td><td>४५००</td></tr>
</table>
कार्यालयको मिति २०७८।७।१२ को प्रतिक्रिया उपर कारवाहि हुँदा यस वुँदामा रहेको रु ४५००।०० मिति २०७८।७।२५ मा फछ्यौट भएकोमा NAMS degitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागी यहाँ दर्शाइएको हो
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५८ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रमः**<br>**प्रधानमन्त्री रोजगार कार्यक्रमः** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत माण्डवी गाउँपालिका भित्रका ५ वडाहरुमा पदमार्ग निर्माण, सडक मर्मत तथा नाली निर्माण, मोटरबाटो स्तरोउन्नती, पार्क निर्माण, पोखरी निर्माण कार्य लगायतका ४३ वटा कार्यक्रम सञ्चालन गरी यस वर्ष २६४ जनालाई रोजगारी उपलव्ध गराई रु.१३३५०९४०।०० खर्च गरेको छ । लक्षित वर्गलाई दैनिक रु.५१७ का दरले ९१ दिन देखि १०० दिन रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | |
| ५९ | | | **कोभिड १९ तर्फ**<br>**कोभिड १९ तर्फ** आ व २०७७।७८ को अषाढ मसान्तसम्म कोभिड–१९ रोकथाम तथा नियन्त्रणको लागि भएको आम्दानी तथा खर्चको विवरण निम्नानुसार रहेको छः | |

| बजेट/आम्दानीको स्रोत | २०७७/७८को प्राप्त रकम | खर्च शीर्षक | २०७७/७८ को खर्च |
|---|---|---|---|
| गत वर्षको जिम्मेवारी | ११४५७४३ | राहात वितरण | ७५००० |
| संघीय सञ्चित कोषबाट | १०००००० | क्वारेन्टिन होल्डिङ्ग सेन्टर निर्माण व्यवस्थापन | ० |
| प्रदेश सञ्चित कोषबाट | ० | आईशोलेसन केन्द्र निर्माण व्यवस्थापन | ४८६८२१ |
| स्थानीय तहको आफ्नै बजेटबाट विनियोजन भएको | ४५६०७४३ | जनशक्ति परिचालन | ९८८०१ |
| संघीय कोभिड कोषबाट | ० | औषधि एवं स्वास्थ्य उपकरण तथा सामग्री खरिद | १८१२८०० |
| प्रदेश कोभिड कोषबाट | ० | स्वास्थ्य पूर्वाधार निर्माण | ० |
| | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |
| ६० | | | **पेश्की व्यवस्थापन** | |
| ६०.१ | | | **पेश्कीः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, 2077 को नियम 50 मा चालु आर्थिक वर्षको मसान्तसम्म पेश्की फर्स्यौट गरी सक्नुपर्ने व्यवस्था छ । कार्यालयले चालु आर्थिक वर्षको मसान्तसम्म म्याद ननाघेको पेश्की फर्स्यौट गर्न बाँकी रु. 7366000.00 देखिएको छ । | |

| | | | |
|---|---|---|---|
| अन्य स्रोतबाट प्राप्त | १५०००००० | अन्य शीर्षकमा भएको खर्च (होटलमा निर्माण गरिएको आइसोलेशनमा भएको खर्च) | १९८३२८६ |
| | | एम्बुलेन्स तथा गाडी भाडा | ३२६०७० |
| | | जिल्ला रेडक्रस तथा जिल्ला आइसोलेशन केन्द्रलाई रकम भुक्तानी | ४००००० |
| | | बैंक बाँकी | ३९२९६५ |
| जम्मा | ५५७५७४३ | जम्मा | ५५७५७४३ |

| पेश्कीको विवरण | पेश्कीलिने फर्म/कर्मचारी | पेश्की रकम रु. |
|---|---|---|
| उदयपुर कोटदरबार निर्माण | आंसु मल्लरानी जे.भि | 4000000 |
| ठुलीलेख पर्यटन प्रवर्धन | आंसु मल्लरानी पिपी जे.भी | 3366000 |
| जम्मा | | 7366000 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६०.२ | | | **पेश्की बाँकी:** आर्थिक कार्यविधि तथा वितिय उत्तरदायित्व सम्बन्धी नियमावली, २०७७ को नियम ५० मा दिएका पेश्कीहरु नियमानुसार सयममै फछ्यौंट गर्नुपर्ने व्यवस्था छ । कार्यालयले अस्पताल भवन निर्माणको लागि महादेव खिम्ती आंसु मल्लरानी जे.भी. लाई २०७८/३/३० सम्ममा काम सम्पन्न गर्ने गरी रु. ८३००००० (म्याद ननाघेको) दिएको छ । अस्पताल भवन निर्माण गर्ने कार्य तोकिएको समयमा सम्पन्न गरी दिएको पेश्की नियमानुसार फछ्यौंट गर्नुपर्ने देखिन्छ। | |
| ६०.३ | | | **पेश्की बाँकी:** आर्थिक कार्यविधि तथा वितिय उत्तरदायित्व सम्बन्धी नियमावली, २०७७ को नियम ५० मा दिएका पेश्कीहरु नियमानुसार सयममै फछ्यौंट गर्नुपर्ने व्यवस्था छ । कार्यालयको २०७८ आषाढ मसान्तसम्म फछ्यौट हुन बाँकी म्याद ननाघेको देहायको निर्माणको लागि आसु मल्लरानी पि.पि.जे.भी.लाई तोकिएको समयमा काम सम्पन्न गर्ने गरी दिएको पेश्की मध्ये रु ७०,०२,३०० फछ्यौंट गर्न बाँकी देखिन्छ । निर्माण गर्ने कार्य तोकिएको समयमा सम्पन्न गरी दिएको पेश्की नियमानुसार फछ्यौंट गर्नुपर्ने देखिन्छ। | |

| सि.न. | पेश्की विवरण | पेश्की फछ्यौंटको म्याद | रकम |
|---|---|---|---|
| १ | गाउँपालिकाको प्रशासकिय भवन निर्माण | ०७९/३/३१ | 6502300 |
| २ | ठुली लेखमा पर्यटन प्रवर्धन | ०८०/३/३१ | 500000 |
| जम्मा | | | 7002300 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६१ | | | सम्परीक्षणः<br>स्थानिय सरकार संचालन ऐन 2074 को दफा 84 ले बेरुजु फस्यौंट कार्यालयबाट हुने ब्यबस्था गरेको छ ।गाउँपालिकाले यो बर्ष आ.व 2076/ 77 को देहाय अनुसार को रु 5955409/ - बेरुजु फस्यौंट गरी सम्परीक्षणको लागि पेश गरेकोमा सम्परीक्षण भएको छ । | |

| आ.व. | दफा नं. | बेरुजुको व्यहोरा | रकम | सम्परीक्षणको व्यहोरा | रकम |
|---|---|---|---|---|---|
| | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | 2075/76 | 37 | अपाङ्ग भत्ता वितरण नियम संगत नभएको | 18000 | गाउँसभाबाट नियमित भैई आएको | 18000 | | |
| | | | | | 38 | समान टुक्रा पारी खरीद गरेको | 2966695 | गाउँसभाबाट नियमित भैई आएको | 2966695 | | |
| | | | | | 40.1 | मालसामान सोभ्कै खरीद गरेको | 164000 | गाउँसभाबाट नियमित भैई आएको | 164000 | | |
| | | | | | 41 | दर रेट नलिई खरीद गरेको | 189840 | गाउँसभाबाट नियमित भैई आएको | 189840 | | |
| | | | | | 42 | आयोनामा वीमा नगरेको | 13500 | गाउँसभाबाट नियमित भैई आएको | 13500 | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | 2076/77 | 72 | समान टुक्रा पारी खरीद गरेको | 2031636 | गाउँसभाबाट नियमित भैई आएको | 2031636 | | |
| | | | | | 83 | अनुगमन भत्ता भुक्तानी अनियमित | 442400 | गाउँसभाबाट नियमित भैई आएको | 442400 | | |
| | | | | | 94 | कर चुक्ता वेगर धरौटी फिर्ता | 73500 | कर चुक्ता प्रमाण पेश | 73500 | | |
| | | | | | 95 | बिल भरपाई नभएको | 5838 | विल रभरपाई पेश | 5838 | | |
| | | | | | 96 | पेश्की फर्छ्यौट नभएको | 50000 | बिल भरपाई सहित पेश्की फर्छ्यौट गरेको | 50000 | | |
| | | | | | | जम्मा | 5955409 | जम्मा | 5955409 | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| 076/77 | | म.ले.प विभाग बाट सम्परीक्षण भएको | 8655328 | म.ले.प विभाग बाट सम्परीक्षण भएको | 8655328 |
| | | कुल जम्मा | 14610737 | कुल जम्मा | 14610737 |

**अनुगमन तथा मूल्याङ्कनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फस्यौंट गर्नुपर्ने व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छः

| गत वर्षको बेरुजु रकम रु (A) | यो वर्ष फछ्र्यौट (B) | बाँकी (C=A-B) |
|---|---|---|
| १५७९७०००. | 14610737 | ११८६२६३. |

**अद्यावधिक वेरुजू स्थितिः** गाँउपालीकाको आर्थिक वर्ष २०७७/ ७८ सम्मको फस्यौंट गर्न बाँकी वेरुजू स्थिति देहाय अनुसार रहेको छः

| गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी रु (C) | यो वर्षको सं पं बाट कायम वेरुजु (D) | यो वर्षको कायम वेरुजु (E) | बाँकी (F=C+D+E) |
|---|---|---|---|
| 1186283 | 0 | २२४६०४७. | ३४३२३३०. |